# भेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खलगा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

आ.व.२०७७।०७८ को लागि आन्तरीक आय तर्फको बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७।०४।१२

स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ११ को उपदफा २ को खण्ड घ को उपखण्ड ६ मा व्यवस्था भए बमोजिम यस नगरपालिकाको क्षेत्र भित्र पर्ने प्राराम्भिक बातावरणीय परिक्षण गरिएका देहाय बमोजिमका खोला/नदीहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पर्दाथ उत्खनन गरी कर्णाली सरकार आर्थिक विधेयक २०७७ को दफा ९ को उपदफा १ अनुसारका अनुसूची ४ मा उल्लेखित प्रति ईकाइ दररेटमा विक्री गर्ने गरी वढावढको माध्यमबाट दरभाउ बोलपत्र आव्हान गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७५।०७६ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा उक्त कार्य गर्न योग्य भएको सो घोषणा पत्र सहित तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही उक्त बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय : बोलपत्र फाराम दस्तुर रु.:३०००।

| सूचना ठेक्का नं | ठेक्काको नाम | स्विकृत घाटको क्षेत्र | अधिकतम उत्खनन तथा विक्री परिणाम | न्यूतम ठेक्का अंक रु. (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| Bheri/01/2077/078 | ढुंगा,गिट्टी,बालुवा,रोडा तथा नदीजन्य पदार्थको उत्खनन,विक्री तथा निकासी शुल्क संकलन (खानी क्षेत्र बाहेक) | बारेला खोला, धारापानी नाका, राक्से नाका, भालु खोला, इम्लिचौर नाका, खिड खोला, बुंग्रे खोला, खोडो खोला, रिम्ना नाका, अम्लघाट नाका, होलुखोला, कालेगाँउ नाका, नाका, पासागाड, लामीतरा नाका, | १५१,८९५।०० घ.मि. | ८०,०००,००।००( असी लाख मात्र) |

**शर्तहरु :**

१। **उल्लेखित ठेक्काको उत्खनन कार्य आ.व.२०७७।०७८को आषाढ मसान्त सम्मको लागि हुनेछ ।**

२। राष्ट्रियस्तरको खुला बोलपत्र खरिद गर्ने अन्तिम मिति २०७७।०५।०९ सम्म कार्यालय समय भित्र ।

३। राष्ट्रियस्तरको खुला बोलपत्र दर्ता मिति र स्थान २०७७।०५।१० दिनको १२:०० बजे सम्म कर्यालयमा दर्ता गराउनुपर्नेछ ।

४। राष्ट्रियस्तरको खुला बोलपत्र खोल्ने मिति २०७७।०५।१० दिनको २:०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर राष्ट्रियस्रतको खुला बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनी बोलपत्र खोल्नमा बाधा पर्नेछै

५। राष्ट्रियस्रतको खुला बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट कार्यालय खोल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखी गणना गरिनेछ ।

६। राष्ट्रियस्तरको खुला बोलपत्र साथ जमानत धरौटी (विडवन्ड) वापत आफुले कबोल गरेको अंकको २.५ प्रतिशत दरले हुन आउने धरौटी रकम कम्तिमा ९० दिन समय म्याद भएकानेपाल वैक लिमिटेडमा भेरी नगरपालिका कार्यालयको नाममा जारी भएको धरौटी खाता नं ०७५०३००००००३००००००००३ बमोजिमको वैंकम जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन वढी म्याद भएको सक्कल विडवण्ड बुझाउनुपर्नेछ ।

७। राष्ट्रियस्तरको खुला बोलपत्रमा ग्रयत्त भर्दा कावोल रकम अंक र अक्षरमा स्पस्ट उल्लेख भएको गर्नुपर्नेछ ।यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

२०७७।४।१२

निमित्त प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner

# भेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खलंगा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

८। खरिद गरेको राष्ट्रियस्तरको खुला बोलपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी बोलपत्रदाताको प्रत्येक पानामा सही छाप गरी सिलबन्दी लाहाछाप लगाई,खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण,ठेक्का नं.,प्रोप्राईटरको नाम,ठेगाना,फोन नं.,मोवाईल नं.समेत स्पष्ट खुलाई फर्मको छाप लगाई पेश गर्नुपर्नेछ ।

९। एक फर्मको नाम बाट खरिद गरिएको राष्ट्रियस्तरको खुला बोलपत्र अर्को फर्मको नाममा प्रयोग गर्न पाइने छैन

१०। कार्यालयको छाप लागेको र अधिकार प्राप्त व्यक्तिको सही भएको सक्कलै राष्ट्रियस्तरको खुला बोलपत्र वाहेक अन्य राष्ट्रियस्तरको खुला बोलपत्र लाई मान्यता दिईने छैन ।

११। राष्ट्रियस्तरको खुला बोलपत्रमा कुनै त्रुटि हुन गएमा त्रुटि सुधार तथा संशोधन गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । कुनै वा सवै राष्ट्रियस्तरको खुला बोलपत्र,पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२। राष्ट्रियस्तरको खुला बोलपत्र दाताले राष्ट्रियस्तरको खुला बोलपत्रामा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

१३। राष्ट्रियस्तरको खुला बोलपत्र दर्ता गर्ने फर्महरुले कामको स्तर र कामको विवरण र बोलपत्र फारमका ठेक्काका शर्तहरु सम्बन्धमा राम्रो सँग पढी बुझी राष्ट्रियस्तरको खुला बोलपत्र भरेको मानिनेछ ।

१४। राष्ट्रियस्तरको खुला बोलपत्र कर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

१५। म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश गरेको राष्ट्रियस्तरको खुला बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१६। राष्ट्रियस्तरको खुला बोलपत्र सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संशोधन सहित सार्वजनिक खरिद नियमावली २०७३ तथा नेपालको संघिय र कर्णाली प्रदेश सरकारका अन्य ऐन नियम कार्यविधि बमोजिम हुनेछ ।

१७। राष्ट्रियस्तरको खुला बोलपत्र स्विकृत भएमा सो को सूचना पाएको वा कार्यालयमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त (फरफरमेन्स बण्ड जारी गर्न सक्ने बैंकहरु) बाट यस कार्यालयको नाममा २०७८ साउन मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै ठेक्का कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंक सेवा,शुल्क वापत जम्मा हुन आउने रकमको नियमानुसार थप १३%भ्याट समेत यस कार्यालयमा बुझाउनुपर्नेछ ।

१८। तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्तो गरिनेछ ।

२०७७/१/१२

( दल बहादुर घर्ति)

निमित्त प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सुचना तथा प्रविधि शाखा
यो सुचना वइभ साइटमा अपलोड गरीदिनु हुन ।

Scanned by CamScanner